



**पुस्तकः** रेडियो नेपालको सामाजिक इतिहास
**सम्पादकः** प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट
**प्रकाशकः** मार्टिन चौतारी
**पृष्ठः** ४४८+ xviii
**मूल्यः** रु. १५०/-
**प्रकाशन मितिः** २०६१ (सन् २००४)

एक दशक अगाडिसम्म नेपालको रेडियो स्टेसन भन्नु केवल रेडियो नेपाल नै थियो र २०५२ सालमा पहिलो एफएम रेडियो सञ्चालन गर्ने पनि रेडियो नेपाल नै थियो । यद्यपि आज रेडियो नेपाल सुन्नेहरूको सङ्ख्या कम भएको हुन सक्छ । रेडियो नेपालको इतिहास, यसले विगतमा दिएको योगदान, यसका सकारात्मक र नकारात्मक पक्ष आदिको विश्लेषण हुनु अति जरुरी छ र प्रस्तुत पुस्तकले केही हदसम्म यो कमीलाई पूरा गरेको छ ।

तीन खण्डमा विभाजित यस पुस्तकमा जम्मा २३ ओटा लेखहरू परेका छन्, जसमध्ये दस ओटा प्रकाशित र अरू अप्रकाशित लेख हुन् । यसका साथै बत्तीस पृष्ठ लामो सम्पादकीय परिचयले विश्वमा रेडियो प्रसारणको इतिहास, रेडियो नेपालको विकासक्रम, रेडियो र रेडियो नेपालसम्बन्धी अध्ययनका साथै पुस्तकमा प्रकाशित लेखहरूको छोटो परिचय दिएको छ ।

'संस्थागत पक्षहरू' शीर्षकको पहिलो खण्डमा प्रत्यूष वन्तको लेखले नेपालमा रेडियो प्रसारणको इतिहासबारे धेरै जानकारी दिएको छ । तर २००३ सालको नेपाल ब्रोडकास्टिङ र २००५ सालमा मोहन आकाशवाणीले गरेको रेडियो

प्रसारण (पृ. ४५-४८) बारे धेरैले थाहा नपाएको हुँदा त्यसबारे केही विस्तृत अध्ययन हुनु जरुरी देखिएको छ। रेडियो नेपालका संस्थापक तारिणीप्रसाद कोइरालाको लेखमा २००७ को आन्दोलनको समयमा स्थापना भएको प्रजातन्त्र नेपाल रेडियोले गरेका प्रसारणबारे विस्तृत विवरण परेको छ र यो नेपाल रेडियोको एउटा सुनौलो पक्ष हो। त्यति बेलाको एउटा ऐतिहासिक गीतको रचनाकार तारिणीप्रसाद भएको धेरैको धारणा भए तापनि लेखक स्वयंले सो गीत आफूले रचना नगरेको कुरा इमानदारीताका साथ स्वीकारेका छन् (पृ. ६१)। मलाई सम्झना भएको त्यो गीतका केही पङक्तिहरू यहाँ उल्लेख गर्न चाहन्छु:

नेपाली अघि बढ हातमा क्रान्ति झण्डा लिई
क्रान्ति झण्डा लिई, नेपाली...
आऊ आऊ दिदी बहिनी आऊ आऊ दाजुभाई
सबै मिली उद्धार गरुँ हाम्रो नेपाललाई
जन्मभूमिलाई सपारुँ सब हामी मिली...

पहिलो खण्डमा परेका अन्य तीन ओटा लामा लेखहरू रेडियो नेपालको भावी योजना बनाउनमा निक्कै सहायक हुने देखिन्छ। त्यसमध्ये कृष्ण अधिकारीको लेखको अनुसूची २ मा उल्लेख भएको रेडियो नेपालको सुरुको वर्ष (२००८) मा कार्यरत कलाकार, समाचारवाचक, वाद्यवादक, उद्घोषक, एवं अन्य कर्मचारीहरूको विस्तृत सूचीले रेडियो नेपालबारे थप अनुसन्धान गर्न मद्दत पुगेको छ।

'कार्यक्रम र उत्पादन' शीर्षकको दोस्रो खण्डमा परेका १३ ओटा लेखहरू यस पुस्तकका विशेष आकर्षण हुन्। तर यसमा परेका नौओटा लेखहरू पहिले नै प्रकाशित भइसकेको हुँदा अलग्गै उद्देश्य राखी लेखिएका ती लेखहरूले प्रस्तुत पुस्तकको उद्देश्य पूरा गर्न गाह्रो भएको देखिन्छ। यसमा एउटा खट्किने कुरा के छ भने रेडियो नेपालमा ५५ देखि ६१ प्रतिशतसम्म समय ओगटेको मनोरञ्जनात्मक कार्यक्रम (गीत सङ्गीत) बारे कुनै लेख छैन। रेडियो नेपालको कार्यक्रमसम्बन्धी लेखमा गीत सङ्गीतबारे सामान्य कुरा मात्रै उल्लेख भएका छन् भने नेपाली सङ्गीतको विकासमा रेडियो नेपालसम्बन्धी अर्को लेखमा केवल गायक, गायिकाहरूको लामो सूची मात्रै दिइएको छ। नेपाली सङ्गीतको विकासमा रेडियो नेपालको योगदान र त्यसमा आएका समस्याहरूबारे खासै चर्चा भएको छैन। यहाँनेर जनार्दन समले लेखेका एउटा लेखको सम्झना हुन्छ, जसमा उनले

लेखेका छन् कि गीतको अभावमा एकपल्ट उनले आधा घण्टाको कार्यक्रम आफैँले भारतीय गायक मुकेशले गाएका हिन्दी गीतहरू गाएर सञ्चालन गरेका थिए । गायक, सङ्गीतकार आदिको यति लामो सूचीमा २००७ पछिका गायक सङ्गीतकारहरूको सूचीमा पनि उर्मिला कुमारी ('झमझम परेली आँखैमा गाजलु' की गायिका) तथा भैरव बहादुर (तारादेवीलाई गायन क्षेत्रमा ल्याउने सङ्गीतकार) को नाम छुट्नु उदेकलाग्दो छ ।

'पञ्चायतको प्रचारमा रेडियो नेपाल' शीर्षकको लेखमा राजाको राजनीतिक एकाधिकारयुक्त पञ्चायती व्यवस्था स्थापना गर्न प्रसारणको एकाधिकार भएको रेडियो नेपाल शक्तिशाली सहयोगी बन्यो (पृ. १७५) भन्ने निष्कर्ष सत्य छ । त्यस्तै प्रकारले पञ्चायत कालमा 'रेडियो नेपालको समाचार एकतर्फी रूपमा एकदलीय पञ्चायत व्यवस्थाको वकालत' गरेको तथ्य प्रस्तुत गरिएको छ तर २०४७ पछि समाचार प्रसारणमा निष्पक्षता आएको छ त भन्ने प्रश्नको जवाफ भने दिइएको छैन । तर रेडियो नेपाल हालसम्म पनि शासक वर्गको पक्षमा रहेको तथ्यलाई पनि हामीले बिर्सनु हुँदैन । रेडियो पत्रकारितासम्बन्धी लेखमा समाचार प्रसारणको इतिहास छोटकरीमा प्रस्तुत गरिएको छ । तर २०२२ सालदेखि हिन्दी र नेवारी समाचारलाई बन्द गरेको घटनालाई उल्लेख मात्रै गरी केही विवेचना गरिएको छैन ।

पुस्तकमा रेडियो नेपालका तीन ओटा सूचनामूलक कार्यक्रमहरूका लागि छुट्टाछुट्टै लेखहरू प्रस्तुत गरिएका छन् । ती हुन्- *घटना र विचार, खोज खबर* र *हाकाहाकी*। *घटना र विचार* कार्यक्रम लोकप्रिय हुँदाहुँदै पनि निष्पक्ष हुन नसकेको लेखकको धारणा छ भने सात महिनामात्र चलेको *खोज खबर*ले कृषि, स्वास्थ्य, महिला जस्तो विषयलाई प्राथमिकता दिएको कुरा उल्लेख भएको छ । तर उक्त कार्यक्रम लोकप्रिय हुँदाहुँदै पनि किन बन्द गरियो भन्ने प्रश्न लेखमा उठाइएको छैन । *खोज खबर*कै सञ्चालकहरूद्वारा प्रस्तुत *हाकाहाकी*को लोकप्रियताबारे श्रोता सर्वेक्षणसहित लेखमा उल्लेख भएको छ तर उक्त कार्यक्रममा कस्ता सामग्रीहरू प्रस्तुत हुन्थे भन्ने कुराको विवेचना भने गरिएको छैन ।

रेडियो नेपालको स्थापनाकालदेखि नै सुरु भएको रेडियो नाटकसम्बन्धी लेखमा निर्देशक र कलाकारहरूबारे धेरै चर्चा गरिए तापनि प्रसारित नाटकले नेपाली समाजलाई कसरी चित्रण गरेको छ, विषयवस्तु कस्ता छन्, प्राविधिकस्तरको विकास कसरी भयो भन्नेबारे खासै उल्लेख भएको छैन । बाल कार्यक्रमसम्बन्धी लेख प्रस्तुतकर्ताको व्यक्तिगत अनुभव र संस्मरणले भरिएको छ । कार्यक्रमको अतीत र वर्तमान केलाउने प्रयत्न गरिएको छैन तर राजपरिवारको भूमिकाबारे

बढी मात्रामा उल्लेख गरिएको छ । धार्मिक कार्यक्रमसम्बन्धी लेखमा उक्त कार्यक्रमको इतिहास छोटकरीमा वर्णन गरिएको छ र कार्यक्रममा योगदान दिने व्यक्तिहरूको विशेष रूपमा उल्लेख गरिएका छन् । २००३-०४ सालतिर किर्तन र भक्तिसम्बन्धी रेडियो प्रसारणबारे अलि विस्तृत रूपमा उल्लेख भएको भए राम्रो हुने थियो तथा कार्यक्रममा बजाइने भजनहरूमा परम्पराअनुरूप शनिबार देवी भजन, आइतबार रामसम्बन्धी गीत, सोमबार शिव भजन तथा मङ्गलबार गणेश र हनुमानसम्बन्धी भजन बजाइने तथ्यको पनि उल्लेख हुनु पर्दथ्यो ।

सुरुका वर्षहरूमा साहित्यसम्बन्धी छुट्टै कार्यक्रम नभए तापनि अरू विभिन्न कार्यक्रमहरूमा साहित्यिक रचना प्रसारण गरिन्थ्यो । पछि गएर *काव्यकुञ्ज, साहित्यिक* कार्यक्रम हुँदै *साहित्य संसार* कार्यक्रम प्रसारणमा आएको विवरण साहित्य संसारसम्बन्धी लेखमा परेका छन् । पञ्चायत कालमा केही साहित्यकारहरूको नामसमेत उल्लेख गर्न नहुने र २०४६ सालपछि सो स्थितिमा परिवर्तन आएको कुरा लेखकले उल्लेख गरेका छन् । तर कार्यक्रममा प्रसारण हुने साहित्यसम्बन्धी सामग्रीबारे विशेष उल्लेख छैन ।

*फौजी* कार्यक्रमको नामबाट सुरु भएको सैनिक कार्यक्रम राष्ट्रिय सेना र रक्षादलले छुट्टाछुट्टै प्रसारण गर्ने तथ्य सैनिक कार्यक्रमसम्बन्धी लेखमा गरिएको छ । लेखमा नेपाली सेनाको प्रशंसाबारे धेरै कुरा उल्लेख भए तापनि कार्यक्रमको निष्पक्ष मूल्याङ्कन भने नभएको देखिन्छ । २०५८ सालदेखि सुरु भएको र अनेकन एफएम रेडियोबाट पनि प्रसारण हुने समस्यामूलक कार्यक्रम *साथीसँग मनका कुरा*को उपादेयताबारे एउटा लेखमा विवेचना गरिएको छ । विशेष गरी युवाहरूका लागि तयार गरिएको यस कार्यक्रमले यौन, प्रजनन् स्वास्थ्य, अन्तरजातीय विवाहसम्बन्धी धेरै समस्याको समाधान गर्न सकेको लेखकद्वयको दाबी छ ।

सङ्क्षेपमा भन्नुपर्दा खण्ड दुईमा परेका रेडियो नेपालका कार्यक्रमसम्बन्धी लेखहरूले धेरै महत्त्वपूर्ण जानकारी दिन सफल भएका छन् । तर स्वतन्त्र रूपमा लेखिएका यी छुट्टाछुट्टै लेखहरूले रेडियो नेपालका कार्यक्रमहरू बारेमा समष्टिगत विवेचना तथा तुलनात्मक अध्ययन गर्न सकेका छैनन् । साथै सुरुदेखि नै प्रसारण भई आएका *पुलिस, छात्र* तथा *किसान* कार्यक्रमबारे खास उल्लेख नहुनाको साथै पछि थपिएका कैयन कार्यक्रमबारे पनि केही विवेचना भएका छैनन् ।

'रेडियो र समाज' शीर्षकअन्तर्गत तेस्रो खण्डमा परेका पाँच ओटा लेखहरूमध्ये महिला कार्यक्रमसम्बन्धी लेख दोस्रो खण्डमा परेको भए उपयुक्त हुन्थ्यो । किनकि यसमा सुरुआतदेखि विभिन्न नामबाट प्रसारण भएका महिलासम्बन्धी कार्यक्रमको इतिहास केलाउने प्रयत्न गरिएको छ । यस खण्डमा परेका अन्य

लेखहरूमध्ये पनि जनजातिसम्बन्धी लेखमा मुख्य रूपमा २०४६ को आन्दोलनपछि सुरु गरिएका जनजातिसम्बन्धी कार्यक्रमको समीक्षा गरिएको छ। मधेस र रेडियो कार्यक्रमबारेको एक लेखमा मधेस र मधेसीसम्बन्धी कार्यक्रमका बारेमा भन्दा मधेस के हो ? मधेसी को हुन् ? भन्नेबारे चर्चा गरिनाको साथै कति जना मधेसी रेडियो नेपालमा कुन् कुन् पदमा काम पाए तथा को को मधेसी कलाकार अगाडि आए भन्नेबारे बढी उल्लेख भएको देखिन्छ।

पुस्तकमा परेका अन्तिम दुई लेख श्रोता सर्वेक्षण तथा रेडियो नेपालका प्रकाशनसँग सम्बन्धित छन्। पहिलो लेखमा हालसम्म गरिएका चार ओटा श्रोता सर्वेक्षणबारे विवेचना गरिएको छ। तर ती सर्वेक्षणहरूले वर्तमान अवस्थाको वस्तुस्थितिलाई सही ढङ्गबाट प्रस्तुत गर्न सक्तैनन्। अनगिन्ती एफएम रेडियो र टेलिभिजन च्यानल आइसकेको अवस्थामा नयाँ श्रोता सर्वेक्षणको आवश्यकता भएको कुरामा दुईमत हुन सक्तैन। रेडियो नेपालको प्रकाशनसम्बन्धी लेखमा *झङ्कार*लाई विशेष रूपमा उल्लेख गरी अन्य एक्काइस ओटा प्रकाशनको सूची दिई तिनको छोटो परिचय दिने प्रयास भएको छ।

पुस्तकमा समावेश लामो सन्दर्भ सामग्री धेरै मेहनत गरी तयार भएको देखिन्छ। त्यसमा लगभग ३०० ओटा नेपाली भाषाका र १०० ओटा अङ्ग्रेजी भाषाका पुस्तक, लेख, दस्तावेज, पत्रिका आदि परेका छन्। तर *झङ्कार* र *रेडियो दर्पण* जस्ता पत्रिकालाई एउटै स्थानमा विभिन्न अङ्कसहित उल्लेख गरेको भए सन्दर्भ सामग्रीको सङ्ख्या घट्ने थियो। साथै राजाका भाषण र सन्देशलाई पनि एकै ठाउँमा मिति उल्लेख गरी राखेको भए सन्दर्भ सामग्रीको स्वरूप राम्रो देखिन्थ्यो कि भन्ने मेरो धारणा छ।

पुस्तकमा दिइएका धेरै पुराना अप्राप्य तस्वीरहरू ज्यादै महत्त्वपूर्ण छन्। यसले रेडियो नेपालको इतिहास बुझ्न बढी मद्दत गर्दछ। एउटा सानो कुरा उल्लेख गरुँ– पृ. १८० मा नेपालका लागि सोभियत सङ्घका राजदूतले २०१० सालमा रेडियो नेपाललाई दिएको अन्तर्वार्ताको फोटो छापिएको छ। सोभियत सङ्घसँग नेपालको दौत्य सम्बन्ध २०१३ सालमा मात्रै स्थापना भएको अवस्थामा तीन वर्षअगाडि नेपालको लागि सोभियत सङ्घको राजदूत कहाँबाट आयो बुझ्न सकिएन। त्यस्तै, पुस्तकको धेरै ठाउँमा (पृ. ७४, १७७, १७८, २५२) हिन्दी समाचारवाचकको नाम राजेन्द्रप्रसाद गुप्ता भनी उल्लेख गरिएको छ। मेरो संस्मरणमा उनको नाम राजेन्द्रकुमार हो। उनको थरबारे मलाई थाहा छैन, किनकि समाचार वाचन गर्दा उनले आफ्नो थर कहिल्यै पनि उल्लेख गरेनन्। उनको समाचारवाचन गर्ने एउटा अलग्गै शैली थियो जुन यसप्रकार सुरु हुन्थ्यो,

"काठमाण्डू मे इसवक्त दिनके दो बजकर पचास मिनेट गए हुए है... ए रेडियो नेपाल है... अब आप राजेन्द्रकुमारसे हिन्दीमे समाचार सुनिए।"

पुस्तकको शीर्षक *रेडियो नेपालको सामाजिक इतिहास* अलि उपयुक्त नभएको मेरो धारणा छ। पुस्तकमा समावेश सामग्री केलाएर हेर्दा यसले इतिहास होइन समाजशास्त्रीय अध्ययन गर्न खोजेको देखिन्छ। साथै पुस्तकमा रेडियो नेपालको प्रारम्भिक काल (२००७ देखि २०१७) बारेको विवेचना नगण्य रूपमा रहेको छ। सायद आवश्यक सामग्री उपलब्ध नभएको कारणले त्यसो भएको हुन सक्छ। तर यसबारे विवेचना हुनु अत्यावश्यक छ। पहिलो कुरा त त्यति बेलाका रेडियो गतिविधि थाहा पाउने व्यक्तिहरू एकदमै कम भइसकेका छन्। दोस्रो, त्यति बेलाका दस्तावेज वा अभिलेखहरू अप्राप्य भइसकेका छन् भने प्राप्य सामग्री पनि सुरक्षित अवस्थामा छैनन् र तेस्रो, त्यति बेला रेडियो सर्वसाधारणको पहुँचभन्दा बाहिर भएकाले त्यससम्बन्धी तथ्यहरू लिपिबद्ध गर्नु अत्यावश्यक भएको छ। यदि प्रस्तुत पुस्तकको दोस्रो संस्करण निस्कने भएमा सम्पादकहरूले यस तथ्यलाई मनन गरी रेडियो नेपालको प्रारम्भिक कालबारे अनुसन्धान गरी त्यससम्बन्धी विस्तृत जानकारी पाठक समक्ष ल्याउने आशा गर्दछु।

**त्रिरत्न मानन्धर**
केन्द्रीय इतिहास विभाग, त्रिभुवन विश्वविद्यालय